त्रिवेणी राजपत्र

त्रिवेणी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ सङ्ख्या ३ मिति २०८२ पुस २४ गते

भाग १

त्रिवेणी नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ३

अनुगमन तथा मूल्याङ्कन ऐन, २०८२

प्रस्तावनाः नगरपालिकाका विकास नीति तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी लागत प्रभावकारिता अभिवृद्धि गर्नका लागि विकास नीति तथा योजनाको अनुगमन तथा मूल्याङ्कन तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित,

नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउन संघीय अनुगमन तथा मुल्याङ्कन ऐन, २०८० को दफा १५ उपदफा (६) को अधिकार कार्यान्वनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम त्रिवेणी नगरपालिकाको नगर सभाले यस ऐन जारी गरेको छ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अनुगमन तथा मूल्याङ्कन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) **“अनुगमन”** भन्नाले कार्यक्रम, योजना वा आयोजनाको कार्यान्वयन अवस्था, प्रगति, गुणस्तर, खर्च तथा समय पालनको नियमित रूपमा गरिने निरीक्षण, अध्ययन र विश्लेषण सम्झनु पर्छ।

(ख) **“आयोजना”** भन्नाले निश्चित उद्देश्य, लागत, समयसीमा र कार्यक्षेत्र तोकी सञ्चालन गरिने विकास

त्रिवेणी नगरपालिका

निर्माण वा सेवा प्रवाहसम्बन्धी कार्य सम्झनु पर्छ।

(ग) **"उपभोक्ता समिति"** भन्नाले नगरपालिकाबाट स्वीकृत योजना वा आयोजना कार्यान्वयन गर्न गठन गरिएको उपभोक्ताहरूको समिति सम्झनु पर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले त्रिबेणी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले नगरपालिकाद्वारा स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्झनु पर्छ।

(च) **"योजना"** भन्नाले नगरपालिकाद्वारा स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने विकास योजना सम्झनु पर्छ।

(छ) **"सुपरीवेक्षण"** भन्नाले अनुगमनका क्रममा कार्यको गुणस्तर, मापदण्ड

र प्रक्रियागत पक्ष सुनिश्चित गर्न गरिने निर्देशन, नियन्त्रण र मार्गदर्शनसम्बन्धी कार्य सम्झनु पर्छ।

(ज) **“प्रचलित कानुन”** भन्नाले संघीय, प्रदेश तथा स्थानीय तहका सम्बन्धित ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू सम्झनु पर्छ।

(झ) **“प्राविधिक परीक्षण”** भन्नाले कार्यको गुणस्तर, मापदण्ड तथा प्राविधिक पक्षको मूल्याङ्कन गर्न गरिने परीक्षण वा जाँच सम्झनु पर्छ।

(ञ) **“मूल्याङ्कन”** भन्नाले कार्यक्रम, योजना वा आयोजनाको प्रभावकारिता, सान्दर्भिकता, कार्यदक्षता, दिगोपना तथा उद्देश्य प्राप्तिको अवस्था विश्लेषण गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ट) **"समिति"** भन्नाले यस ऐनको दफा ७ बमोजिमको अनुगमन

त्रिवेणी गाउँपालिका

तथा सुपरीवेक्षण समिति सम्झनु पर्छ।

(ठ) **"सेवा प्रदायक"** भन्नाले सम्झौता बमोजिम नगरपालिकाको तर्फबाट कुनै सेवा वा कार्य प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ड) **"शाखा"** भन्नाले त्रिबेणी नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन संरचना अनुसार स्वीकृत शाखाहरू सम्झनु पर्छ।

परिच्छेद २

अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था

३. **अनुगमन गर्नुपर्नेः** नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम, आयोजना वा कार्यको तोकिएको उद्देश्य, गुणस्तर र समयसीमा अनुसार कार्य सम्पन्न भएको सुनिश्चित गर्न नियमित तथा आवश्यकताअनुसार अनुगमन गर्नुपर्नेछ।

४. **प्राविधिक परीक्षण गर्नेः** समितिले आवश्यक ठानेमा अनुगमनको क्रममा सम्बन्धित कार्यको गुणस्तर, मापदण्ड तथा प्राविधिक पक्षको मूल्याङ्कन गर्न प्राविधिक परीक्षण

गरिनेछ। यस्तो परीक्षण सम्बन्धित विषयका विज्ञ वा प्राविधिकबाट गराउन सकिनेछ।

५. **अनुगमन तथा मूल्याङ्कनका आधारहरुः** अनुगमन गर्दा स्वीकृत योजना, मापदण्ड, प्रचलित कानुन, कार्यसम्पादनको प्रगति, गुणस्तर, खर्चको अवस्था तथा तोकिएका अन्य सूचकहरूलाई आधार मानिनेछ।

६. **अनुगमन तथा सुरपरीवेक्षणको प्रतिवेदनः** (१) अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त निष्कर्षका आधारमा अनिवार्य रूपमा प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देखिएका उपलब्धी, समस्या, सुझाव तथा सुधारका उपायहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) नगरपालिकाबाट सञ्चालन भएका कार्यक्रम, आयोजना वा कार्यको अन्तिम भूक्तानी प्रदान गर्दा अनिवार्य समितिको प्रतिवेदन संलग्न हुनुपर्नेछ।

७. **बिद्युतीय प्रणालीको प्रयोग गर्न सक्नेः** अनुगमन, सुपरीवेक्षण, प्रतिवेदन तयारी तथा सूचना व्यवस्थापनका लागि आवश्यकताअनुसार विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ।

परिच्छेद ३

अनुगमन तथा सुपरीवेक्षण गर्ने निकाय

८. **अनुगमन तथा सुरपरीवेक्षण समितिः** (१) नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम, आयोजना तथा कार्यको प्रभावकारी अनुगमन र सुपरीवेक्षणका लागि देहायबमोजिमको एक अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ;

(क) उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुखले तोकेको एकजना महिला सहित कार्यपालिका सदस्य दुई जना -सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ङ) योजना तथा अनुगमन शाखा/एकाइ प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्वन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक तथा कार्यसञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

त्रिवेणी नगरपालिका

९. **<u>अनुगमन तथा सुपरीवेक्षण समितिको काम कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्;

(क) स्वीकृत योजना, नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ख) कार्यको गुणस्तर, प्रगति, प्रभावकारिता तथा पारदर्शिताको मूल्याङ्कन गर्ने,

(ग) आवश्यकता अनुसार स्थलगत अनुगमन तथा प्राविधिक परीक्षण गराउने,

(घ) अनुगमनबाट प्राप्त तथ्य तथा निष्कर्षका आधारमा प्रतिवेदन तयार गर्ने,

(ङ) देखिएका समस्या, कमजोरी तथा सुधारका विषयमा सम्बन्धित निकायलाई सुझाव वा निर्देशन दिने र

(च) प्रचलित कानुनबमोजिम अन्य आवश्यक काम गर्ने।

त्रिवेणी नगरपालिका

१०. **कार्यपालिकाका बिषयगत समितिले अनुगमन गर्न सक्नेः** (१) कार्यपालिका अन्तर्गत गठन भएका विषयगत समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कार्यक्रम, आयोजना तथा कार्यको अनुगमन गर्न सक्नेछन्।

(२) यस्तो अनुगमन गर्दा सम्बन्धित नीति, योजना, मापदण्ड तथा बजेटको कार्यान्वयन अवस्थालाई आधार मान्नु पर्नेछ।

(३) विषयगत समितिले गरेको अनुगमनको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ।

११. **सभाका समितिले अनुगमन गर्ने सक्नेः** (१) नगर सभा अन्तर्गत रहेका समितिले नगर सभाबाट पारित भएका कानुन, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रक्रिया, पारदर्शिता, सुशासन तथा समग्र कार्यसम्पादनको अनुगमन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुगमनको क्रममा सुधार गर्नुपर्ने विषय देखिएमा नगर सभाका समितिले सो विषयमा आवश्यक सुधार गर्न कार्यपालिकालाई तत्काल निर्देशन दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु कार्यपालिकाको कर्तव्य हुनेछ।

१२. **वडा समिति समितिले अनुगमन गर्नेः** (१) नगरपालिकाका वडा क्षेत्रभित्र सञ्चालित विकास योजनाहरूको निरन्तर

अनुगमन तथा सुपरीवेक्षण गर्न प्रत्येक वडामा देहायबमोजिमको अनुगमन तथा मुल्यांकन समिति रहनेछ;

(क) वडा समितिले तोकेको नियमनसम्बन्धी कार्य हेर्ने वडा सदस्य -संयोजक

(ख) वडामा कार्यरत प्राविधिक कर्मचारी -सदस्य

(ग) वडा समितिले तोकेको सम्वन्धित क्षेत्रको विज्ञ -सदस्य

(घ) वडा सचिवले तोकेको कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१३. <u>तथ्यांङ्क सूचना कागजात उपलब्ध गराउनु पर्नेः</u> (१) अनुगमन तथा सुपरीवेक्षणको प्रयोजनका लागि सम्बन्धित कार्यालय, पदाधिकारी, उपभोक्ता समिति वा सरोकारवाला निकायले माग गरिएबमोजिम आवश्यक तथ्यांङ्क, सूचना, कागजात तथा अभिलेख उपलब्ध गराउनुपर्नेछ।

(२) यस्तो सूचना तथा कागजात उपलब्ध नगराएमा प्रचलित कानुनबमोजिम कारबाही गर्न सकिनेछ।

१४. **सुझाव वा निर्देशन दिन सक्ने:** (१) अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमनको क्रममा देखिएका समस्या, कमजोरी वा सुधारका विषयमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(३) सम्बन्धित निकायकाले यस दफा बमोजिम दिएको सुझाव वा निर्देशन कार्यान्वयनको अवस्थाबारे समितिलाई जानकारी गराउनुपर्नेछ।

परिच्छेद ४

मूल्याङ्कन सम्बन्धी व्यवस्था

१५. **मूल्याकन गर्नु पर्ने:** (१) नगरपालिकाद्वारा सञ्चालन भएका कार्यक्रम, योजना तथा आयोजनाको आन्तरिक र बाह्य मूल्याङ्कन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गरिने आन्तरिक मूल्याङ्कन गर्दा देहायका बिषयमा केन्द्रित रही दफा ८ बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ।

(क) कार्यक्रम, योजना वा आयोजनाको स्वीकृत लक्ष्य तथा कार्ययोजना अनुसारको प्रगति अवस्था,

(ख) बजेट तथा स्रोतको उपयोग, भुक्तानी र लेखा व्यवस्थापन,

(ग) कार्यान्वयन प्रक्रिया, समयपालन तथा समन्वय अवस्था,

(घ) आन्तरिक अनुगमन, प्रतिवेदन र अभिलेखको अवस्था र

(ङ) तत्काल सुधार गर्न सकिने प्रशासनिक तथा व्यवस्थापकीय पक्ष।

(३) नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम, योजना तथा आयोजनाको बाह्य मूल्याङ्कन देहायका बिषयमा केन्द्रित रही स्वतन्त्र विज्ञ, परामर्शदाता, संस्था वा सम्बन्धित निकायबाट गराउन सक्नेछ;

(क) कार्यक्रम, योजना वा आयोजनाको समग्र प्रभावकारिता र उद्देश्य प्राप्तिको अवस्था,

(ख) सेवाग्राही वा लाभग्राहीमा परेको प्रभाव,

(ग) पारदर्शिता, सुशासन र जवाफदेहिता,

(घ) गुणस्तर, दिगोपन र जोखिम व्यवस्थापन,

(ङ) नीति, मापदण्ड र प्रचलित कानुनसँगको अनुपालन अवस्था।

१६. **मूल्याङ्कनका आधारहरुः** यस ऐन बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछः-

(क) दिर्घकालिन सोच,

(ख) आवधिक योजना र रणनीति,

(ग) योजनाको दस्तावेज, सोच तालिका वा नतिजा खाका,

(घ) स्वीकृत वार्षिक विकास कार्यक्रम,

(ङ) योजनाको डिजाइन तथा लाभ-लागत,

(च) प्राविधिक तथा वातावरणीय पक्ष,

(छ) प्रक्षेपण गरिएका उपलब्धि,

(ज) सामञ्जस्यता, सान्दर्भिकता, प्रभावकारिता तथा कार्यदक्षता,

(झ) लैङ्गिक समानता तथा समावेशिता,

(ञ) नगरपालिकाले तोकेका अन्य आधारहरु

त्रिवेणी नगरपालिका

१७. **मुल्यांकनका चरण:** नगरपालिकाले देहाय बमोजिम मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ;

(क) **पूर्व मूल्याङ्कन** -कार्यक्रम तथा आयोजना शुरु गर्नु अघिको अवस्थामा सोको औचित्य, सम्भावित असर र लाभ लागतका आधारमा गरिने मूल्याङ्कन,

(ख) **चालू मूल्याङ्कन** -कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्थामा सोको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, समाजस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको आधारमा गरिने मूल्याङ्कन,

(ग) **सम्पन्न मूल्याङ्कन** -कार्यक्रम तथा आयोजना सम्पन्न हुने समयमा वा सम्पन्न भइसकेपछि सोको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, सामाजस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको स्थिति समेत लेखाजोखा गरी गरिने मूल्याङ्कन,

(घ) **योजना परीक्षण मूल्याङ्कन** - निर्धारित समयमा सम्पन्न हुन नसकेको वा न्यून प्रगति भएको योजनाको योजना परीक्षण मूल्याङ्कन, र

(ङ) **प्रभाव मूल्याङ्कन** -कार्यक्रम तथा आयोजना सम्पन्न भई पूर्ण रुपमा सञ्चालनमा आएपछि सो कार्यक्रम तथा आयोजनाले अर्थतन्त्र वा जनजीवनमा पर्न गएको सकारात्मक वा नकारात्मक प्रभाव हेर्नका लागि सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभाव समेत हेर्ने गरी प्रभाव मूल्याङ्कन।

१८. <u>मूल्याङ्कन प्रतिवेदनको प्रयोगः</u> (१) आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रतिवेदन नीति, कार्यक्रम र कार्यान्वयन सुधारका लागि प्रयोग गर्न सकिनेछ।

(२) प्रतिवेदनका सुझाव तथा सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

त्रिवेणी नगरपालिका

(३) प्रतिवेदनको कार्यान्वयन अवस्था अनुगमन गरिनेछ र आवश्यक परेमा निर्णयका लागि सम्बन्धित निकायमा पेश गरिनेछ।

परिच्छेद ५

कारबाही सम्बन्धी व्यवस्था

१९. **कारबाही हुने आधारः** देहायका अवस्थामा सम्बन्धित कार्यालय, पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति, सेवा प्रदायक वा सरोकारवाला निकायलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न सकिनेछः

(क) स्वीकृत योजना, कार्यक्रम, आयोजना वा कार्य तोकिएको उद्देश्य, गुणस्तर, मापदण्ड तथा समयसीमा अनुसार कार्यान्वयन नगरेमा,

(ख) अनुगमन तथा सुपरीवेक्षणका क्रममा माग गरिएका तथ्याङ्क, सूचना, कागजात वा अभिलेख उपलब्ध नगराएमा,

(ग) अनुगमन तथा सुपरीवेक्षण समितिले दिएको सुझाव वा निर्देशनको पालना नगरेमा,

(घ) गलत विवरण, भ्रामक सूचना वा झुट्टा कागजात पेश गरेमा,

(ङ) प्राविधिक परीक्षण वा मूल्याङ्कनमा तोकिएको मापदण्ड विपरीत कार्य भएको देखिएमा,

(च) बजेट तथा स्रोतको दुरुपयोग, अनियमितता वा लापरवाही गरेको पुष्टि भएमा।

२०. **कारबाहीका प्रकार:** दफा १९ बमोजिम कसूर पुष्टि भएमा दोषको गम्भीरता अनुसार देहायबमोजिम एक वा एकभन्दा बढी कारबाही गर्न सकिनेछ;

(क) लिखित चेतावनी वा स्पष्टीकरण माग गर्ने,

(ख) सुधारात्मक निर्देशन दिई तोकिएको समयभित्र सुधार गर्न आदेश दिने,

(ग) सम्बन्धित कार्य, कार्यक्रम वा आयोजनाको भुक्तानी आंशिक वा पूर्ण रूपमा रोक्का गर्ने,

(घ) उपभोक्ता समिति, सेवा प्रदायक वा ठेकेदारलाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाउने,

(ङ) आर्थिक क्षति भएको अवस्थामा क्षतिपूर्ति असुल उपर गर्ने,

(च) विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) प्रचलित कानुनबमोजिम अन्य आवश्यक कारबाही गर्ने।

२१. <u>**कारबाही अघि सुनुवाइको अवसर:**</u> यस परिच्छेद बमोजिम कारबाही गर्नु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ।

२२. <u>**कारबाही कार्यान्वयन:**</u> अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिसका आधारमा कार्यपालिकाले कारबाही कार्यान्वयन गर्नेछ।

२३. <u>**अन्य कानुनको बाधा नपर्ने:**</u> यस परिच्छेद बमोजिमको कारबाही प्रचलित भ्रष्टाचार निवारण, सार्वजनिक खरिद, आर्थिक कार्यविधि तथा अन्य सम्बन्धित कानुन अनुसार हुने कारबाहीमा बाधा पर्ने छैन।

परिच्छेद ६

<u>बिबिध</u>

२४. <u>**पुरस्कृत गर्न सक्ने:**</u> नगरपालिकाद्वारा सञ्चालन भएका कार्यक्रम, योजना तथा आयोजनाको कार्यान्वयनमा उत्कृष्ट

त्रिवेणी नगरपालिका

कार्यसम्पादन, गुणस्तर, समयपालन, पारदर्शिता तथा जवाफदेहितामा उल्लेखनीय योगदान पुऱ्याउने कार्यालय, पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति, सेवा प्रदायक वा सरोकारवाला निकायलाई नगरपालिकाले तोकिएबमोजिम सम्मानपत्र, प्रशंसापत्र, नगद वा अन्य उपयुक्त पुरस्कार प्रदान गर्न सक्नेछ।

२५. **प्रचलित कानुनबमोजिम हुनेः** यस ऐनमा उल्लेख नभएका विषय प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ।

२६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२७. **निर्देशिका बनाउन सक्नेः** यस ऐन तथा यस अन्तर्गत बनेका नियमको कार्यान्वयन सहज बनाउन नगरपालिकाले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

आज्ञाले

टेक बहादुर मौनी

प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी नगरपालिका